नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ७२ २०८० साल असोज २५ गते बिहीबार (12 Oct. 2023 Thursday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

*यस अंक भित्र :* २ पृष्ठमा : हालसम्म ३८ हजार ५९ जना... ३ पृष्ठमा : एमालेको विकल्प नभएको अध्यक्ष ... ३ पृष्ठमाइजराइलमा मृत्यु हुनेको सङ्ख्या

# रेकर्डमा उल्लेख भएको विद्यार्थी संख्या मध्ये २० प्रतिशत मात्र उपस्थिति

**दैनिक समाचारदाता**
**राजविराज, २४ असोज ।**

आफ्नो क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक अवस्था सुधारका लागि प्रदेश सभा सदस्य किरण कुमारी साहको अगुवाईमा एक टोली निरन्तर छड्के अनुगमनमा छन् ।

अनुगमनका क्रममा सप्तरीका अधिकांश सामुदायिक विद्यालयमा विद्यार्थीको उपस्थिति संख्या घट्दै गएको पाइएको छ ।

बुधबार सो टोलीले महादेवा गाउँपालिका ३ स्थित श्री द्वारिका श्रीलाल सातनी यादव माध्यमिक विद्यालयको छड्के अनुगमन गर्दा विद्यालय रेकर्डमा उल्लेख भएको विद्यार्थी संख्या मध्ये २० प्रतिशत मात्र उपस्थिति देखिएको छ ।



कक्षा १ देखी १२ सम्मको पढाई हुने उक्त विद्यालयमा ८ सय विद्यार्थी भर्ना रहेको रेकर्डले देखाएपनि उपस्थिती संख्या १६० मात्र देखिएपछि अनुगमन टोली चकित परे ।

कक्षा १० मा १२६ विद्यार्थी भर्ना रहेको रेकर्डले देखाएपनि उपस्थिति संख्या ७ जनाको मात्र देखिएको टोली नेतृत्वकर्ता प्रदेश सांसद साहले बताइन् । यस्तै कक्षा ९ मा १४५ जना भर्ना रहेकोमा १५ जना मात्र उपस्थित थिए ।

त्यस्तै अवस्था अन्य कक्षामा पनि देखिएको टोलीमा सहभागि जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साहले बताए । तीन दिन अघि टोलीले राजविराज नगरपालिका ११ फत्तैठस्थित श्री ज्ञानज्योती लडुबत्ति देवनारायण यादव प्राथमिक विद्यालय तथा आधारभुत विद्यालयको पनि छड्के अनुगमन गरेको थियो । त्यहा पनि यस्तै अवस्था देखिएको टोलीले जनाएको छ ।

प्रदेश सांसद साहका अनुसार श्री ज्ञानज्योती लडुबत्ति देवनारायण यादव प्राविमा १७६ जना विद्यार्थी भर्ना रहेकोमा छड्के अनुगमनका क्रममा ७८ जना विद्यार्थी मात्र कक्षामा उपस्थित देखिएका थिए ।

यस्तै आधारभुत विद्यालयमा पनि भर्ना रहेको तथ्याङ्कको तुलनामा २२ प्रतिशत विद्यार्थी मात्र कक्षामा भेटिएका थिए । यस क्षेत्रका अधिकांश सामुदायिक विद्यालयमा नियमित पठनपाठन हुन नसकेको तथा विद्यार्थीको संख्या समेत घट्दै गएको जनगुनासो आएपछि अनुगमन थालिएको बताएकी सांसद साहले विद्यालयहरुमा देखिएको बेथितिले चिन्तित र चकित दुवै तुल्याएको जनाइन् ।

विद्यालयहरुको शैक्षिक

*बाँकी अन्तिम पृष्ठमा*

# जंगली हात्तीको आक्रमणबाट एक को मृत्यु, अर्का घाईते

**दैनिक समाचारदाता**
**सर्लाही, २४ असोज ।**

सर्लाहीको हरिपुर १ स्थित जंगलमा जंगली हात्तीको आक्रमणबाट एक जनाको मृत्यु भएको छ भने अर्का घाइते भएका छन् ।

रामेछाप लिखुतामाकोशी शैपु गाउँपालिका २ घर भई हाल हरिवन ७ सुभद्रा दाहाल फुपुको घरमा बस्ने १५ वर्षिय शिव दाहालको हात्तीको आक्रमणबाट मृत्यु भएको हो । त्यस्तै हरिवन नगरपालिका १० निवासी ५१ वर्षिय छबिलाल काफ्ले घाइते भएका छन् ।

प्रहरीका अनुसार उनीहरु दुवै जना घाँस काट्न गएको अवस्थामा अचानक जंगली हात्तीले आक्रमण गर्दा दाहालको घटनास्थलमै मृत्यु भएको र काफ्लेको दाहिने खुट्टामा चोट लागेर घाइते भएका छन् । घाइते काफ्लेको नमुना अस्पताल हरिवनमा उपचार भईरहेको प्रहरीले जनाएको छ ।

# इजराइलमा मारिएका नेपाली विद्यार्थीको सम्झनामा दीप प्रज्वलन



**दैनिक समाचारदाता**
**काठमाडौं, २४ असोज ।**

इस्लामीक समूह हमासले गरेको आक्रमणमा परी इजराइलमा ज्यान गुमाएका नेपाली विद्यार्थीहरुको सम्झनामा बुधवार साँझ राजविराजमा दीप प्रज्वलन गरेका छन् ।

नेवि संघका सप्तरी अध्यक्ष राकेश ठाकुर, उपाध्यक्ष नितेश यादव, केन्द्रिय सदस्य आदित्य दास, महेश यादव लगायतका सहभागिहरुले दीप प्रज्वलन गरेका हुन् ।

यस्तै नेपाल मेडिकल स्टुडेण्टस सोसाईटीको आयोजनामा काठमाडौंको महाराजगंजस्थित टिचिङ अस्पतालको कलेज परिसरमा दीप प्रज्वलन गरी मृत आत्माको चिर शान्तिको कामना गरिएको हो ।

सो अवसरमा सोसाइटीका अध्यक्ष डा. नवीन गौतमले युद्ध क्षेत्रमा फसेका नेपालीको पहिचान गरी तत्काल उद्धार र स्वदेश फिर्ताको व्यवस्था गर्नुपर्ने सरकार संग माग गरे ।

सोसाइटीका सदस्य अभिजित माझीले असहय पीडाको घडीमा हामी सबैको सहानुभुती र सदभाव मृतक परिवार सीत रहेको बताए ।

कार्यक्रमका सहभागी वक्ताहरुले आक्रमणमा मारिएका नेपालीहरुको शव चाडै ल्याउन तथा त्यहाँ रहेका अन्य नेपालीहरुको चाहना अनुसार सरकारले स्वदेश फिर्ताका लागी ठोस पहल गर्न माँग गरेका छन् ।

# गाजा नजिक रहेका नेपालीलाई सुरक्षित स्थानमा सारियो

काठमाडौं, २४ असोज (रासस) ।

इजरायल-गाजाको सीमावर्ती क्षेत्रका कृषि फार्ममा रहेका सबै ५५ नेपाली विद्यार्थीलाई सुरक्षित ठाउँमा स्थानान्तरण गरिएको छ ।

इजरायलको उत्तरी सिमाना आसपासको क्षेत्रमा उद्धारको प्रतीक्षामा रहेका ७२ जनालाई पनि सुरक्षित ठाउँमा सारिएको तेलअबिबस्थित नेपाली राजदूतावासले जनाएको छ ।

उक्त दूतावासका अनुसार शनिबारको आक्रमणमा घाइते भएका चारै जनाको स्वास्थ्यमा क्रमशः सुधार आएको छ तथा हराइरहेका एक नेपालीको प्रहरी, अस्पताललगायत उपलब्ध सम्पूर्ण स्थानीय तथा कूटनीतिक संयन्त्रको सहयोगमा व्यापक खोजी भइरहेको छ । नेपाल फर्कन चाहने तीन सय ५० जनाभन्दा बढी नेपालीले आफ्नो नाम दूतावासमा दर्ता गराएका छन् । उनीहरुको सुरक्षित स्वदेश फिर्तीको प्रक्रिया प्रारम्भ गरिसकेको छ ।

# स्थानीय तहका कर्मचारीलाई वार्तामा आउन आह्वान

काठमाडौँ, २४ असोज (रासस) ।

सरकारले स्थानीय तहका कर्मचारीलाई वार्ता आउन आह्वान गरेको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन

*बाँकी अन्तिम पृष्ठमा*

**डेंगीबाट बच्ने उपायहरू:**

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अध्याँरो कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# हालसम्म ३८ हजार ५९ जना डेङ्गुबाट सङ्क्रमित

काठमाडौँ, २४ असोज (रासस)। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सन् २०२३ को सेप्टेम्बरसम्म डेङगुबाट सङ्क्रमित हुनेको सङ्ख्या ३८ हजार ५९ जना पुगेको जनाएको छ।

मन्त्रालय अन्तरगतको इपिडिमियोलोजी तथा रोगनियन्त्रण महाशाखाले सार्वजनिक गरेको तथ्याङ्कअनुसार हालसम्म ७६ जिल्लाका ३८ हजार ५९ जना डेङगुबाट सङ्क्रमित रहेको र २० जनाले ज्यान गुमाएका छन्।

महाशाखाका निर्देशक डा रुद्र मरासिनीले डेङ्गुको सङ्क्रमण कायमै रहेको र जतिबेला पनि महामारी फैलन सक्ने भन्दै सचेत रहन आग्रह गर्नुभएको छ। हालसम्म कूल सङ्क्रमित सङ्ख्यामा प्रदेशअनुसार सबैभन्दा धेरै कोशी प्रदेशमा २३ हजार नौ सय पाँच जना (६२ दशमलव आठ प्रतिशत) सङ्क्रमित भएका छन् भने सबैभन्दा कम सङ्क्रमित प्रदेश कर्णाली एक सय २८ जना (शुन्य दशमलव ३ प्रतिशत) छन्।

त्यस्तै मधेश प्रदेशमा पाँच सय ९० जना (एक दशमलव छ), बागमती प्रदेशमा चार हजार आठ सय ८३ जना (१२ दशमलव आठ प्रतिशत), गण्डकी प्रदेशमा छ हजार आठ सय १८ जना (१७ दशमलव नौ प्रतिशत), लुम्बिनी प्रदेशमा छ सय ५५ जना (१ दशमलव सात प्रतिशत) र सुदूरपश्चिम प्रदेशमा एक हजार ८० जना (दुई दशमलव आठ प्रतिशत) सङ्क्रमण देखिएको छ।

जिल्लागत हिसाबले सबैभन्दा धेरै क्रमशः सुनसरी जिल्लामा १६ हजार ९६ जना (४२ दशमलव तीन प्रतिशत) सङ्क्रमित भएका छन्। तनहुँमा चार हजार छ सय ५१ जना (१२ दशमलव दुई प्रतिशत), झापामा तीन हजार पाँच सय ८१ जना (नौ दशमलव ४ प्रतिशत), धादिङमा तीन हजार एक सय ३० जना (आठ दशमलव दुई प्रतिशत), मोरङमा दुई हजार दुई सय ७४ जना (छ प्रतिशत), कास्की जिल्लामा एक हजार चार सय ८१ जना (तीन दशमलव नौ प्रतिशत), र काठमाडौँमा आठ सय दुई जना (दुई दशमलव एक प्रतिशत) सङ्क्रमित भएका छन् भने अन्य जिल्लामा छ हजार ४४ जना (१५ दशमलव नौ प्रतिशत) डेङ्गुबाट सङ्क्रमित भएका छन्।

कुल डेङ्गु सङ्क्रमित सङ्ख्यामा अगष्टमा मात्र सङ्क्रमित सङ्ख्या १३ हजार आठ सय ४६ जना पुगेको थियो। सेप्टेम्बरमा ११ हजार पाँच सय ८० जना र अक्टोबर ११ सम्म चार हजार सात सय ९० जना सङ्क्रमित भएका छन्।

गतवर्ष अक्टोबर महिनामा १७ हजार आठ सय ८९ मा डेङ्गु सङ्क्रमण देखिएको थियो। डेङ्गु रोग डेङ्गु भाइरसबाट सङ्क्रमित एडिज जातका लामखुट्टेको टोकाइबाट सर्दछ।

महाशाखाले एडिज जातका लामखुट्टे पानी जम्मा भएको जुनसुकै भाँडोमा पनि हुर्कनाले लामखुट्टेले फूल पार्न सक्ने सम्भावित घर र विद्यालयभित्र र वरपरका पानी जम्ने सबै ठाउँ र पानी राख्ने भाँडा खोजी सफा गरौँ र लामखुट्टेको फूल नष्ट गरौँ लगायतका डेङ्गु नियन्त्रणका सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ।

# सम्पादकीय

## बिकराल रुप लिदैछ आत्महत्या

सप्तरीमा वर्षेणी एक सय भन्दा बढी व्यक्तिहरु आत्महत्या गर्ने गरेको प्रहरी तथ्याङ्कले देखाएको छ। जिल्लामा आ.ब. २०७८/७९ मा १ सय ३५ तथा गत आ.ब. २०७९/८० मा १ सय १५ जनाले आत्महत्या गरेको प्रहरी तथ्याङ्क रहेको छ। यस्तै नेपाल प्रहरीका अनुसार आर्थिक वर्ष २०७७/०७८ मा ७ हजारभन्दा बढी व्यक्तिको मृत्यु आत्महत्याबाट भएको थियो र वर्षेनी आत्महत्याको दर बढ्दै गएको छ। नेपालको सन्दर्भमा राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षणका अनुसार ६.५ प्रतिशत व्यक्तिहरुमा आत्महत्याको सोच र योजना रहेको पाइएको छ। यसैले आत्महत्या एक गम्भीर जनस्वास्थ्य समस्याको रुपमा रहेको छ।

आत्महत्याका लागि प्रयोग हुने साधनको पहुँचमाथि नियन्त्रण गर्न सक्ने हो भने यस्ता घटनामा कमी ल्याउन सकिन्छ। आत्महत्या आवेश तथा योजनाबद्ध जुनसुकै अवस्थामा पनि हुनसक्छ। योजनाबद्ध प्रायजसो डिप्रेसनमा देखिन्छ। प्रायजसो व्यक्तिले दिन, हप्ता र महिनौंसम्म योजना बनाएका हुन्छन्। आत्महानिको प्रयास गरेका व्यक्तिहरु, उदासिनता, लागुपदार्थको प्रयोग, मदिरापानको लत तथा अन्य जटिल मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरु, आर्थिक नोक्सानी, पारिवारिक द्वन्द्व, दीर्घकालीन रोगबाट ग्रसित व्यक्तिहरु जस्तैः क्यान्सर, भावनात्मक कठिनाइ भएका व्यक्तिहरु, युद्ध, हिंसा, आघातजन्य घटनामा परेका व्यक्तिहरु पर्छन्।

परिवारमा कुनै सदस्यले आत्महत्या गरेको छ भने त्यसको असर पनि परेको हुन्छ। तसर्थ यदि कुनै व्यक्तिले बारम्बार निराशाजनक कुराहरु गरिहने वा मर्न पाए पनि हुन्थ्यो जस्ता भाव भएका कुराहरु गर्छ भने उसमा आत्महत्याको विचार आएको हो कि भनी तुरुन्त उपचारको लागि समन्वय गर्नुपर्छ।

# शिक्षक महासङ्घसँगका सहमतिका बुँदा शिक्षा विधेयकको संशोधनमा समावेश

काठमाडौँ, २४ असोज (रासस)। प्रतिनिधिसभामा विचाराधीन विद्यालय शिक्षा विधेयक, २०८० माथि सरकार र नेपाल शिक्षक महासङ्घसँग भएका सहमतिलाई सम्बोधन हुने गरी सांसदबाट संशोधन पेस भएका छन्।

यही असोज २१ गते सैद्धान्तिक छलफल सकिएर सदस्यलाई संशोधन दर्ताका लागि ७२ घन्टाको समय (बुधबार दिउँसो ४ सम्म) समय दिइएको थियो। संशोधनमा यही असोज ५ गते नेपाल शिक्षक महासङ्घ र असोज १२ गते राहत शिक्षक केन्द्रीय समितिसमेतसँग भएका सहमतिका बुँदालाई समावेश गर्ने गरी प्रमुख दलका सचेतकहरुको समन्वयमा संशोधन प्रस्तुत गरिएको छ। सांसदले संयुक्त र एकलरुपमा एक सय ५० संशोधन दर्ता गराएका छन्।

सङ्घीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले बुधबारसम्म संशोधनका लागि समय दिइएकाले यकिन विवरण प्राप्त नभए पनि प्रक्रियागतरुपमा आएका संशोधनलाई एकीकृत गरी प्रस्तुत गरिने जानकारी राससलाई दिनुभयो।

सरकारले संसद्मा विधेयक दर्ता गरेपछि महासङ्घले काठमाडौँ केन्द्रित आन्दोलन गरेसँगै भएको वार्तामा विभिन्न बुँदामा संशोधनका लागि सहजीकरण गर्ने सहमति भएको थियो।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले सांसदले उठाएका प्रश्नको जवाफसहित महासङ्घसँगका सहमतिका बुँदा असोज २१ गतेको बैठकमा प्रस्तुत गरिसक्नुभएको छ।

विधेयकमाथि असोज १९ गतेको बैठकमा सैद्धान्तिक छलफलमा सांसदले भाग लिएका थिए। प्रतिनिधिसभाको बिहीबारको बैठकमा उक्त विधेयकलाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाउनेगरी कार्यसूचीमा समावेश गरिएको छ।

# एमालेमा एक लाख ६१ हजार नयाँ सदस्य

काठमाडौँ, २४ असोज (रासस)। नेकपा (एमाले) मा दशौँ राष्ट्रिय महाविधेशनयता एक लाख ६१ हजार नयाँ सङ्गठित सदस्य थपिएका छन्। नयाँ र नवीकरणसहित हाल एमालेमा सङ्गठित सदस्य पाँच लाख ५० हजार पुगेका छन्।

पार्टीको प्रदेश कमिटीका अधिवेशन सुरु हुनुअघि एमाले केन्द्रीय कार्यालयमा अभिलेख भएको विवरणअनुसार सो परिमाणमा पार्टीका सङ्गठित सदस्य रहेको केन्द्रीय सङ्गठन विभागका सचिव माधव ढुङ्गेलले जानकारी दिनुभयो। उहाँका अनुसार अब प्रवास कमिटीमा रहेका सङ्गठित सदस्यको सङ्ख्या विवरण आउन बाँकी छ।

"हामीले प्रदेश कमिटी

*बाँकी तीन पृष्ठमा*

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**
- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुर, सप्तरी

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
वरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# एमालेको विकल्प नभएको अध्यक्ष ओलीको दाबी

जनकपुर, २४ असोज (रासस)।
नेकपा (एमाले) अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले सामाजिक सुरक्षा र देश विकासका लागि एमालेको विकल्प कोही हुन नसक्ने दाबी गर्नुभएको छ।

नेकपा एमाले मधेस प्रदेशको प्रथम अधिवेशनलाई जनकपुरधाममा उद्‌घाटन गर्दै अध्यक्ष ओलीले आफ्नो पार्टीले सुरु गरेको सामाजिक सुरक्षा नीतिले नै असहाय, ज्येष्ठ नागरिक, घरबारविहीन नेपालीले राज्य भएको अनुभूति गर्न पाएको दाबीसमेत गर्नुभयो।

"एमालेले नै कमजोर, असहाय, ज्येष्ठ नागरिक, सडकमा जीवन बिताउने नागरिकदेखि बालिकाको आत्मसम्मानका लागि सहुलियतको अभियान अगाडि बढाएको हो। एमालेले नै विकासका लागि सडक, बाटोघाटो, स्वास्थ्य, शिक्षा, उद्यमशीलतालगायत विकासको जग बसाल्दै देशलाई रेल युगमा प्रवेश गराएको हो", अध्यक्ष ओलीले भन्नुभयो।

नेता ओलीले विसं २०७४ को चुनावपछिका तीन वर्ष आफू नेतृत्वको सरकारले गरेका कामको गति देखेर धेरैलाई जलन भएको आरोप लगाउनुभयो।

देशको विकासका लागि आगामी चुनावमा वडा तहदेखि नै पार्टीको कम्तीमा ५१ प्रतिशत सिटका लागि अहिलेदेखि नै एकताबद्ध भएर लाग्न आम नेता तथा कार्यकर्तालाई उहाँले आग्रह गर्नुभयो।

पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले मधेसको भाग्य र भविष्यसँग जोडिएको हुलाकी राजमार्ग, कृषि सिँचाइलगायत विकासका पूर्वाधार बनाउन एमाले नेतृत्व अपरिहार्य भएको बताउनुभयो। उहाँले 'समृद्ध नेपाल सुखी नेपाली'को सपना सबै तहमा पार्टीको सरकार भएमा मात्रै सम्भव हुने भन्दै सबै एकताबद्ध भएर पार्टी सङ्गठन बलियो बनाउनेतर्फ लाग्न अपिल गर्नुभयो।

महासचिव शङ्कर पोखरेलले मधेस केन्द्रित पार्टीले सरकारको नेतृत्व गरे पनि समृद्धिको नेतृत्व गर्न नसकेको आरोप लगाउँदै प्रदेशको विकासका लागि एमालेको विकल्प नरहेको दाबी गर्नुभयो। उहाँले पार्टी अध्यक्ष ओली नेतृत्वको सरकारले मधेसको विकासका लागि सुरु गरेको अभियानलाई पूर्णता दिन प्रदेश र सङ्घमा पनि एमालेकै सरकार आवश्यक भएको बताउनुभयो।

पार्टी सचिव एवं मधेस प्रदेश इन्चार्ज योगेश भट्टराई अर्का सचिव रघुवीर महासेठ, नेत्री जुलीकुमारी महतोलगायतले सङ्गठनका विविध पक्षबारे मन्तव्य व्यक्त गर्नुभएको थियो।

# पाँच प्रदेशमा नेकपा एसको अभियान सम्पन्न

काठमाडौँ, २४ असोज (रासस)।
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले पाँच प्रदेशमा समाजवाद जागरण अभियान सम्पन्न गरेको छ। पार्टीले काँकडभिट्टाबाट सुरु गरेको सो अभियान कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा सम्पन्न गरेको हो। यही असोज १४ गतेदेखि सुरु भएको अभियान २९ गतेसम्म सञ्चालन हुने भएको छ। पार्टीका नीति सिद्धान्त र कार्यदिशाबारे जनतालाई बुझाउन अभियान गरिएको पार्टीका महासचिव घनश्याम भुसालले जानकारी दिनुभयो।

सो अभियानअन्तर्गत देशको राजनीतिक परिस्थिति, भ्रष्टाचार, बेथितिको अवस्था र गरिबी न्यूनीकरणका लागि पार्टीको योजनाबारे जनतामा जागरण फैलाइनाका साथै जनताको घरदैलोमा पुगेर आर्थिक, राजनीतिक र सामाजिक सुरक्षाका विषयमा सुझाव सङ्कलन गरिएको छ। पुँजीवादको विकल्पमा समाजवाद कार्यान्वयनमा जोड दिएको अभियानले जनताका सुझाव सङ्कलन गरी क्रान्तिकारी समाजवादी नीति निर्माणमा गर्नेछ।

जनताका समस्या समाधानका लागि पार्टीका वैचारिक नीति तथा राजनीतिक दृष्टिकोण आधारभूत तहसम्म स्थापित गर्न थालिएको सो अभियानका लागि विभिन्न सभा तथा सम्मेलन गरिएका छन्। काँकडभिट्टा, बिर्तामोड, दमक, उर्लाबारी, विराटचोक, इँटहरी, इनरुवा, भारदह, राजविराजको चिन्नमस्त, अर्नाह, भगवानपुर, सिरहा सदरमुकाम, बन्दीपुर र जदुकुहा, जलेश्वर, ढल्केबर, बर्दीबास, लालबन्दी, गरुडा, हर्नैया, कलैया र वीरगञ्ज, हेटौँडा, चितवन, कावासोती, बर्दघाट, बुटवल, भैरहवा, कपिलवस्तु, दाङ, कोहलपुरलगायत स्थानमा ठूला सभा सम्पन्न भएका छन्।

विभिन्न पार्टी परित्याग गरी करिब चार हजारभन्दा बढी नेता तथा कार्यकर्ता सो पार्टीमा प्रवेश गरेको पार्टीको प्रचार विभागले जनाएको छ। पार्टीका शीर्ष नेताहरूले सम्बोधन गरेको सो अभियानमा कार्यकर्ता भेला, पत्रकार सम्मेलन, अन्तरक्रिया, कोणसभा तथा ठूला आमसभासमेत गरिएका छन्। यही असोज २९ गते सुर्खेतमा सम्पन्न हुने अभियानले बुधवार मणिग्राम र बुटवलमा ठूला सभा गर्दैछ।

***एमालेमा एक लाख...***

अधिवेशनसम्म पार्टी सदस्यता नवीकरण गर्न भनेका थियौँ", उहाँले भन्नुभयो, "प्रदेश कमिटी अधिवेशन सकिएपछि जिल्ला अधिवेशन सुरु हुन्छ। त्यतिबेला पनि पार्टी सदस्यता वितरण, नवीकरणको कार्य हुन्छ।"

एमालेको दशौँ राष्ट्रिय महाधिवेशनमा आठ लाख ५५ हजार सदस्य रहेका थिए। नवौँ महाधिवेशनताका पार्टीका सदस्य दुई लाख ५६ हजार सात सय ७२ थिए भने त्यसपछि सात लाखको हाराहारीमा सदस्य पुगेका थिए। सचिव ढुङ्गेलले दशौँ महाधिवेशनका समयमा पार्टी सङ्क्रमणकाल (एमाले र माओवादी केन्द्रसँगको एकता) मा रहेको र अभिलेखमा पार्टी सदस्यता दोहोरिएकाले त्यसबेला पार्टी सदस्यको सङ्ख्या बढी भएको बताउनुभयो। एमालेको दशौँ महाधिवेशन २०७८ मङ्सिर १० देखि १३ गतेसम्म चितवनको सौराहा भएको थियो।


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्न पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले विवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालविवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ विपरित भएको विवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**राजगढ गाउँ कार्यपालिकाको कार्यालय, नर्घो, सप्तरी**


# विश्व समाचार

## इजराइलमा मृत्यु हुनेको सङ्ख्या एक हजार दुई सय पुग्यो-सेना

जेरुसेलम, २४ असोज (रासस/एएफपी)।
इजराइल-हमास द्वन्द्वमा एक हजार दुई सयभन्दा बढी इजराइलीहरूको मृत्यु भएको इजराइलको प्रतिरक्षा फौज (आईडीएफ) का प्रवक्ताले बुधबार बताएका छन्। यो सङ्ख्या यसअघि बताइएको एक हजारभन्दा बढी हो। "मृत्यु हुनेको सङ्ख्या एक हजार दुई सय पुगेको छ", आईडीएफका प्रवक्ता लेफ्टिनेन्ट कर्णेल जोनाथन कन्रिकसले एक भिडियो मेसेजमा भन्नुभयो। उहाँले मारिनेहरूमा अधिकांश सर्वसाधारण रहेको जानकारी दिनुभयो। यसैबीच इजराइलले गाजापट्टीमा रातभर गरेको हवाई हमलामा कम्तीमा ३० जनाको मृत्यु भएको र सयौँ घाइते भएको हमास सरकारका एक अधिकारीले बुधबार बताएका छन्। हमास सरकारको सञ्चार कार्यालयका प्रमुख सलमा मरुफले इजराइली हमलामा दर्जनौँ आवासीय भवन, कारखाना, मस्जिद र पसलहरू प्रभावित भएको एएफपीलाई जानकारी दिनुभयो। इजराइली सेनाले रातको समयमा हमासका थुप्रै लक्ष्यमा आक्रमण गरेको पुष्टि गरेको छ।

## चीनमा तीन वर्षदेखि थुनामा रहेकी पत्रकार अस्ट्रेलिया फर्किन्

क्यानबेरा, अस्ट्रेलिया, २४ असोज (रासस/एपी)।
जासुस गरेको आरोपमा दोषी ठहर भई चीनमा तीन वर्ष थुनामा रहेकी चिनियाँ मूलकी एक अस्ट्रेलियाली पत्रकार अस्ट्रेलिया फर्केकी अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले बुधबार बताउनुभएको छ। उहाँ अनुसार पत्रकार चेङ लिसँग आफ्ना दुई सन्तानसँग मेलबोर्नमा पुनरमिलन भएको छ। ४८ वर्षीया चेङ चीनको सरकारी प्रसारक सीसीटीभीको अन्तर्राष्ट्रिय विभागमा काम गर्नुहुन्थ्यो। "उहाँको मुद्दा चीनमा कानुनी प्रक्रियाबाट टुङ्गिएको थियो", प्रधानमन्त्री अल्बानिजले पत्रकारहरूसँग भन्नुभयो। पत्रकार चेङको फिर्ती अल्बानिजको यो वर्ष नियोजित बेइजिङ भ्रमणअघि भएको छ। यद्यपि प्रधानमन्त्री अल्बानिजको बेइजिङ भ्रमणको मिति टुङ्गो लागिसकेको छैन। अल्बानिजको सरकारले सन् चेङ र सन् २०१९ देखि चीनमा थुनिएका चिनियाँ मूलका अस्ट्रेलियाली नागरिक याङ हेङजनको रिहाइका लागि लबिङ गरिरहेको छ।

## इजराइल-हमास द्वन्द्वमा टर्कीएद्वारा मध्यस्थताको प्रस्ताव

अङ्कारा, टर्कीए, २४ असोज (रासस/एएनआई)।
टर्कीएका राष्ट्रपति रेसेप तय्यप एर्दोगानले हमास-इजराइल द्वन्द्वको मध्यस्थताका लागि प्रस्ताव गर्नुभएको छ। उहाँले यसका लागि आफ्नो कूटनीतिक प्रयासलाई निरन्तरता दिने बताउनुभएको टर्कीमा रहेको अनाडोलु समाचार समितिले जनाएको छ। "यदि दुवै पक्षले अनुरोध गरेको खण्डमा बन्दीहरूको आदानप्रदानसहित कुनै पनि प्रकारको मध्यस्थताका लागि टर्कीए तयार रहेको म बताउन चाहन्छु" एर्दोगानले भन्नुभयो, "हामीले केही समयदेखि कायम राख्दै आएको हाम्रा कूटनीतिक सम्पर्कहरूलाई निरन्तरता दिइरहेका छौँ र पछिल्ला दिनमा हामीले यसलाई अझ गति दिएका छौँ।"

आतङ्ककारी समूह हमासले इजराइलमा अप्रत्याशित आक्रमण गरेपछि राष्ट्रपति एर्दोगानको उक्त टिप्पणी आएको हो। हमासको आक्रमणसँगै इजराइललाई युद्धको घोषणा गर्न बाध्य बनाएको थियो। युद्ध नैतिक बन्धनको अधीनमा रहेकोमा जोड दिँदै टर्कीएका राष्ट्रपतिले भन्नुभयो, "दुवै पक्ष यो नैतिक बन्धनको पालना गर्न बाध्य छन्, हामीले सधैँ भने जस्तो न्यायपूर्ण शान्तिमा कसैले पनि हार्दैन।" उहाँले इजरायललाई प्यालेस्टिनी क्षेत्रहरूमा बम आक्रमण रोक्न र प्यालेस्टिनीहरूलाई इजराइलमा नागरिक बस्तीहरूमा उत्पीडन रोक्न आग्रह गर्नुभयो। उहाँले मानवीय विवेक प्रयोग गर्न आग्रह गर्दै यस्तो मध्यम कदमले शान्तिको ढोका खोल्ने बताउनुभयो। "हवाई तथा जमिन आक्रमणबाट गाजाको विनाश, मस्जिदमा बम आक्रमणका साथै अबोध बालबालिका, महिला, वृद्ध र नागरिकहरूको मृत्यु कहिल्यै स्वीकार्य छैन", उहाँले भन्नुभयो।

## युरोपमा ६५ वर्षमाथि उमेर समूहको संख्या १५ वर्षमुनि उमेर समूहभन्दा बढी हुने

कोपेनहेगन, २४ असोज (रासस/एएफपी)।
नयाँ सामाजिक, आर्थिक र स्वास्थ्य चुनौतीहरूको चेतावनी दिँदै विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) ले सन् २०२४ सम्ममा युरोपमा ६५ वर्षमाथि उमेर समूहको जनसङ्ख्या १५ वर्षमुनि उमेर समूहभन्दा बढी हुने बताएको छ।

युरोप विश्वव्यापी परिवर्तनको तुलनामा दशकौँ अगाडि छ। आवर वर्ल्ड इन डाटा इन्स्टिच्युटको अनुमानअनुसार युरोप ६० वर्षपछि सन् २०६४ को हाराहारीमा रहेको अपेक्षा गरिएको छ।

"सन् २०२४ सम्ममा डब्ल्यूएचओ युरोपेली क्षेत्रमा ६५ वर्षभन्दा बढी उमेर भएको व्यक्तिको जनसङ्ख्या १५ वर्षभन्दा कम भएको व्यक्तिको जनसङ्ख्याभन्दा बढी हुने अनुमान गरिएको छ", डब्ल्यूएचओले एक विज्ञप्तिमा भनेको छ, "यो प्रवृत्तिको अर्थ नयाँ सामाजिक, आर्थिक र स्वास्थ्य चुनौतीहरू हुन् जसले बुढ्यौली उमेरको जनसङ्ख्याको प्रभावलाई कम गर्न स्वस्थ उमेरमा ध्यान केन्द्रित गर्न माग गर्दछ।"

डब्ल्यूएचओ युरोपेली क्षेत्रले मध्य एसियाका थुप्रै मुलुकसहित ५३ मुलुकलाई समेट्छ। युरोपभर लामो जीवनको अपेक्षा घट्दो स्वास्थ्यको पर्यायवाची हो। बुढ्यौली जनसङ्ख्याको प्रभावलाई कम गर्न डब्ल्यूएचओले वृद्धहरूलाई उनीहरूको शारीरिक र मानसिक स्वास्थ्य, स्वतन्त्रता, सामाजिक कल्याण र गुणस्तरीय जीवनको संरक्षण र सुधारमा सक्षम बनाउने उपायका लागि आह्वान गरेको छ।

# कर्मचारीको पेन डाउनले १८ वटै पालिकाको सेवा प्रभावित



**दैनिक समाचारदाता**
**राजबिराज, २४ असोज ।**
स्थानीयतहका कर्मचारीले बिभिन्न माँग अघि सार्दै "पेन डाउन" गरी धर्नामा बसेपछी सप्तरीका १८ वटै पालिकाको सेवा प्रभावित बनेको छ ।

प्रस्तावित निजामती सेवा ऐनको मस्यौदाप्रति तिब्र असन्तुस्टि जनाउँदै यहाँका स्थानीयतहका कर्मचारीहरु गत १९ असोजदेखि कामकाज रोकी "पेन डाउन" तथा कार्यालय परिसरमै धर्ना दिदै आएका छन् ।

सप्तरीमा ९ नगरपालिका तथा ९ गाउँपालिका छन् । कर्मचारीले प्रत्येक पालिकामा संघर्ष समिति नै बनाएर आन्दोलन अघि बढाएका छन् ।

कर्मचारीले अत्यावश्यक बाहेक सबै सेवा ठप्प पारेपछी सेवाग्राही निराश भई फर्किने गरेका छन् । उनीहरुले चाडबाडको मुखमा गरिएको आन्दोलनले आफुहरु थप मारमा पारेको गुनासो गरेका छन ।

प्रस्तावित ऐनमा स्थानीयतहमा कार्यरत कर्मचारीलाई बिभेद गरिएकाले आन्दोलनमा उत्रिन बाध्य भएको राजबिराज नगरपालिका स्थानीयतह कर्मचारी संघर्ष समितिका संयोजक मनोज कुमार यादवको भनाई छ । उनका अनुसार प्रस्तावित ऐनमा "संघिय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवा भन्ने शब्द राखी बिभेदकारी नीति निर्माण गर्न लागेकोले कर्मचारी न्यायका लागी आन्दोलनमा उत्रिन बाध्य भएका हुन् ।

संर्घष समितीका सदस्य कल्पना देवले अत्यावश्यक बाहेक सबै सेवा बन्द गरी आन्दोलन गरिरहेको र माँग पुरा नभएसम्म आन्दोलन जारी रहने बताईन ।

कर्मचारीले हातमा कालो पट्टी बाँधेर पेन डाउन र धर्ना कार्यक्रमलाई निरन्तरता दिएका छन् । अन्दोलनरत कर्मचारीले संघिय निजामती सेवा ऐनलाई एकिकृत निजामती सेवा ऐन ल्याएर तीनै तहकै सरकारका क्रियाकलापमा समेत नियमन, नियन्त्रण र रेखदेख गर्न माँग अघि सारेका छन् ।

यसै गरी प्रमुख प्रशासकिय अधिकृत लोक सेवा आयोगबाट सिफारिस भएकै माध्यमबाट रहने गरी स्थानीय निजामती सेवा कै कर्मचारी हुने व्यवस्था हुनु पर्ने, सरुवा प्रणालीलाई सहमतीको आधारमा नभई योग्यता, क्षमता र चक्रिय प्रणालीका आधारमा हुनु पर्ने, बिशेष परिस्थितीमा प्रदेशको समन्वयमा अन्तर प्रदेश सरुवाको प्रबन्ध हुनु पर्ने, निजामती अस्पतालमा सबै तहका कर्मचारीलाई समेटिनु पर्ने, स्थानीय तहका कर्मचारीको सेवा सुबिधा र बृति बिकासका सम्बन्धमा विभेद नभई समानता हुनु पर्ने लगायतका मागँ अघि सारेका छन् ।

यता चाडबाडको मुखमा गरिएको आन्दोलनले सर्वसाधारण मारमा परेको भन्दै अविलम्ब वार्ताको माध्यमबाट समस्याको समाधान खोज्न सरकार संग स्थानीयले माँग गरेका छन् ।

### स्थानीय तहका ...

मन्त्रालयले मंगलबार एक बिज्ञप्ति जारी गरी आन्दोलनरत कर्मचारीका मागको छलफलबाटै सम्बोधन हुने भएकाले वार्तामा आउन आह्वान गरेको हो ।

कर्मचारी केन्द्रीय सङ्घर्ष समिति र स्थानीय तह कर्मचारी संयुक्त माग कार्यान्वयन परिचालन समितिले हरेक दिन काठमाडौँको माइतीघरमण्डलदेखि बानेश्वरसम्म प्रदर्शन गर्दै आएका छन् ।

यही असोज १५ देखि सडक आन्दोलन थालेका स्थानीय तहका कर्मचारीले १९ असोजदेखि नियमित कामकाजसमेत ठप्प पारेका छन् ।

# वालिका दिवसको अवसरमा बिभिन्न कार्यक्रमको आयोजना



**दैनिक समाचारदाता**
**राजबिराज, २४ असोज ।**
अन्तराष्ट्रिय बालिका दिवसको अवसरमा बुधबार बिभिन्न कार्यक्रमको आयोजना गरिएको छ ।

स्वीडेन र सेभ द चिल्ड्रेनको आर्थिक सहयोगमा सबल नेपालले सप्तरीको राजबिराजमा आयोजना अन्तराष्ट्रिय बालिका दिवस कार्यक्रम सम्पन्न भएको हो ।

जिल्ला बाल संजालका अध्यक्ष सलमा खातुनको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा बालिकाहरुलाई छोरा सरह अधिकार दिनुपर्ने, महिला शिक्षित भएमात्र समाजको बिकास हुने र बालबालिकालाई पढनको लागि अभिभावक समेत सजक हुनुपर्ने सहभागिहरुले जोड दिए ।

१८ वटै पालिकाहरुबाट आएका १६ जना बाल संजालका अध्यक्ष तथा सदस्यहरुको सहयागिता रहेको थियो । यस्तै वातावरण तथा जलवायु परिर्वन बिषयको कार्यशाला गोष्ठी समेत आयोजना गरिएको छ ।

जिल्ला समन्वय समितिका अध्यक्ष शिवनारायण साहको प्रमुख अतिथियमा सम्पन्न भएको कार्याशाला गोष्ठीमा वातावरण तथा जलवायु परिर्वन सम्बन्धि सहभागि बालबालिकाहरुलाई जानकारी गराइएको थियो ।

जिल्ला बाल संजालका अध्यक्ष सलमा खातुनका अध्यक्षतामा सम्पन्न भएको कार्याशाला गोष्ठीमा सिडा परियोजना संयोजक निरबहादुर आलेले सहजिकरण गरेका थिए । सोही कार्यक्रममा जिल्ला बालकलबको बार्षिक कार्ययोजना निर्माण गरी पारित समेत गरेको छ ।

### रेकर्डमा उल्लेख ...

अवस्था सुधार तथा विद्यार्थीको आकर्षण बढाउन छड्के अनुगमन थाल्दा नजिकबाट सबै सत्यतथय बुझ्न पाएको टोलीमा सहभागि जिल्ला समन्वय समितिका प्रमुख साहको भनाई छ ।

बिगतमा जिल्ला शिक्षा कार्यालयको मातहतमा रहँदा बेलाबेलामा विद्यालयको अनुगमन हुन्थ्यो तर, अहिले पालिकाको मातहतमा गएको र सम्बन्धित पालिकाबाट अनुगमन, निगरानी तथा दण्ड र पुरस्कारको व्यवस्था हुन नसक्दा यस्तो बेथिति देखिएको टोली समक्ष स्थानीयले गुनासो पोखेका छन् ।

बीचमै कक्षा छाडेर घर फर्किने, त्यस्ता विद्यार्थीलाई कडाई गर्न नसक्ने, विद्यार्थीलाई विद्यालयमा आकर्षण गराउन आवश्यक कार्यक्रम संचालन गर्न नसक्ने, विद्यार्थी र अभिभावकलाई शिक्षाको महतव बारे सम्झाउन नसक्ने तथा नियमित पढाई संचालन गर्न नसक्ने लगायतका कारणले सामुदायिक विद्यालयतर्फ विद्यार्थीको आकर्षण घट्दै गएको टोली समक्ष स्थानीयले जानकारी गराएका छन् ।


## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**


## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : तिरहुत गाउँपालिकाको कार्यालय, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*